# गाउँबाट शान्ति

त्रैमासिक बुलेटिन (वर्ष १, अंक १, भदौ २०६६)



कार्यक्रम अभिमुखीकरण गोष्ठीका सहभागीहरू, सामुदायिक अध्ययन तथा तालीम केन्द्र, तुम्लिङटार, संखुवासभा

यस अंकमा

**संस्था परिचयः**

- नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन): संक्षिप्त परिचय

**कार्यक्रम परिचयः**

- गाउँबाट शान्ति कार्यक्रमः एक परिचय

**लेखः**

- द्वन्द्व व्यवस्थापन र शान्ति

**कार्यक्रम गतिविधिः**

- प्रारम्भिक चरणका प्रमुख कार्यक्रम गतिविधिहरू
- कार्यान्वयन चरणका कार्यक्रम गतिविधिहरू

## प्रकाशकीय

नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) द्वारा पूर्वी नेपालका संखुवासभा र भोजपुर जिल्लामा संचालित गाउँबाट शान्ति कार्यक्रम र यस अन्तर्गत सञ्चालन भएका विभिन्न क्रियाकलापहरूका बारेमा सम्बन्धित सरोकारवालाहरू, सरकारी निकायहरू, गैरसरकारी संघ-संस्थाहरू, राजनैतिक दलहरू, सामुदायिक संघ-संस्थाहरू तथा ग्रामीण समुदायमा जानकारी गराउने उद्देश्यले प्रकाशित 'गाउँबाट शान्ति' नामक त्रैमासिक बुलेटिनको पहिलो अङ्क यहाँहरूको हातमा छ। यस बुलेटिनमार्फत् आरआरएनले संखुवासभा र भोजपुर जिल्लामा सञ्चालित गाउँबाट शान्ति कार्यक्रम लगायत अन्य कार्यक्रमहरूका गतिविधिसम्बन्धी संक्षिप्त समाचारका साथै अन्य उपयोगी र जानकारीमूलक सामग्रीहरू पनि नियमित रूपमा प्रकाशन गर्ने उद्देश्य राखेको छ।

यस बुलेटिनलाई पठनीय र जानकारीमूलक बनाउनका लागि हामी तपाईहरूबाट निरन्तर सुझाव, सल्लाह र सृजनात्मक आलोचनाको अपेक्षा राख्दछौं। यसका साथै आगामी अङ्कको लागि आफ्ना अमूल्य लेख-रचनाहरू पठाई बुलेटिन प्रकाशनमा सहयोग गरिदिनु हुन समेत यहाँहरू सबैमा हार्दिक अनुरोध गर्दछौं।

# नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन): संक्षिप्त परिचय

नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) सन् १९८९ मा स्थापना भएको एउटा गैरनाफामूखी गैरसरकारी संस्था हो । यस संस्थाका कार्यक्रमहरू गरिबी निवारण, जन-सशक्तिकरण, सामाजिक रुपान्तरण, द्वन्द्व व्यवस्थापन लगायत मानवअधिकार तथा शान्ति स्थापनामा केन्द्रित रहेका छन् । यसले सहजीकरण, सामाजिक परिचालन तथा स्वसंगठनका प्रक्रियाबाट विपन्न वर्गहरू, खासगरी दलित, जनजाति, महिला, किसान तथा बालबालिका र अन्य जोखिममा परेका समुदायहरूसँग काम गर्दै आइरहेको छ । आरआरएनले आफ्ना विकास-निर्माणका कार्यक्रमहरूलाई जनताको मानवअधिकारको संरक्षण तथा प्रवर्द्धन गर्ने दृष्टिकोणबाट संचालन गर्ने गरेको छ । यसको अर्थ, जनताका अधिकारहरूको सम्मान गर्दै उनीहरूलाई सशक्तिकरण गर्न आफ्ना कार्ययोजना, कार्यप्रणाली र प्राथमिकताहरूलाई समयानुकूल प्रगतिशील परिवर्तन गर्नु हो । तसर्थ, जनताका आर्थिक, सामाजिक, सांस्कृतिक तथा विकासका अधिकार लगायत अन्य आधारभूत मानवअधिकारलाई आरआरएनले आफ्ना सबै तहका कार्यक्रम, नीति तथा योजनाहरूमा समायोजन गरेको छ ।

आरआरएन समान उद्देश्य भएका, खासगरी अधिकारमूखी कार्यपद्दति अँगालेका र गरीबमूखी नीतिको वकालत गर्ने नेपाल र नेपाल बाहिरका नागरिक-समाजहरूसँग मिलेर काम गर्दछ । यो संस्था कैयन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सञ्जालहरूमा सक्रियताका साथ संलग्न रहेको छ । हाल आरआरएनले गरिबी उन्मुलनका लागि दक्षिण एसिया मञ्च (SAAPE) र अति-कमविकसित राष्ट्रहरूको नागरिक निगरानी मञ्च (LDC Watch) का सचिवालयहरू समन्वय र संचालन गरिरहेको छ भने कर्पोरेट विश्वव्यापीकरण विरुद्ध समूह नेपाल, बँधुवा मजदुर सरोकार समूह, ऋण तथा विकाससम्बन्धी एशिया-प्रशान्त क्षेत्रीय आन्दोलन/जुबिली साउथ (APMDD-Jubilee South) आदिमा यसको सकृय संलग्नता रहेकोछ । यसका साथै आरआरएनले राष्ट्रसंघीय आर्थिक तथा सामाजिक परिषद (ECOSOC) को विशेष परामर्शदातृको हैसियत समेत प्राप्त गरेको छ । राष्ट्रिय स्तरमा आरआरएनले महिला तथा बालबालिका बेचबिखन विरुद्ध सञ्जाल (AATWIN) को सदस्य, बालबालिका शान्ति क्षेत्र अभियान (CZOP) को सदस्य, खाद्य अधिकारको लागि राष्ट्रिय सञ्जाल, नेपाल (RtFN) को सचिवालय तथा मानव( अधिकार सन्धि अनुगमन संयोजन समति (HRTMCC) अन्तरगत आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार (ESCR) उप-समितिको संयोजकको रूपमा समेत महत्वपूर्ण भूमिका निभाइरहेको छ । यसले विश्व सामाजिक विकास सम्मेलन (सन् १९९५ र २०००) र विश्व खाद्य सम्मेलन (सन् १९९६ र २००२) को नेपालको नागरिक समाजको राष्ट्रिय सचिवालयको रूपमा समेत काम गरिसकेको छ ।

### परिकल्पना

आरआरएन सम्पूर्ण नागरिकहरूका लागि न्याय, समानता, शान्ति र समृद्धियुक्त विश्वको परिकल्पना गर्दछ ।

### लक्ष्य:

आरआरएन ग्रामीण जनता, खासगरी गरीब, महिला, किसान, भूमिहीन र अन्य पाखा पारिएका र सामाजिक रूपमा उत्पीडित जनताको सामाजिक, आर्थिक र राजनीतिक सशक्तिकरणको माध्यमबाट न्यायपूर्ण, समतामूलक, शान्तिपूर्ण र समृद्ध समाजको निर्माणका लागि उपयुक्त वातावरण सृजना गर्नका लागि प्रतिबद्ध रहेको छ ।

### उद्देश्यहरू

- निमुखा, शोषित, सिमान्तीकृत र जोखिममा परेका ग्रामीण गरीबहरूको आर्थिक-सामाजिक स्तरमा सुधार ल्याउने
- समस्या समाधानतर्फ उन्मुख कार्यमूलक अनुसन्धानहरू संचालन गर्ने
- गरिबीका मूल कारणहरू, मानवअधिकारको उल्लङ्घन तथा विकाससम्बन्धी विभिन्न मुद्दाहरूमा स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा जनवकालत तथा अभियानहरू सञ्चालन गर्ने ।

### चारपत्रे अवधारणा

आरआरएनले ग्रामीण पुनर्निर्माणको चारपत्रे अवधारणा (Four-fold approach) लाई आफ्ना सम्पूर्ण विकास-निर्माण कार्यक्रमहरूका लागि आधार मान्दछ । यसअनुरुप निम्न चारप्रमुख पक्षहरूलाई विशेष जोड दिन्छ-

१. निरक्षरता र अशिक्षासँग जुझ्नका ***शिक्षा र सचेतना***
२. गरिबी र भोकसँग लड्नका ***जीविकोपार्जन***
३. रोगबाट बच्न र स्वास्थ्यको अधिकारको अभिबृद्धि गर्न ***स्वास्थ्य***
४. संस्थागत विकासको माध्यमबाट नागरिक नैराश्यतालाई हटाउदै आत्मनिर्भरतातर्फ अगाडि बढ्न ***स्वशासन***

ग्रामीण जनता जुनसुकै समाजको भएता पनि उनीहरू एक-आपसमा अल्झिएका चारवटा मुख्य समस्याहरू- अशिक्षा, गरिबी, रोग र नैराश्यताबाट ग्रसित हुन्छन् । ग्रामीण विकासका लागि यी चारवटामध्ये कुनै पनि एकको मात्र समाधान भएमा पुनर्निर्माण भएको मानिदैन । तसर्थ चारवटै समस्याविरुद्ध एकीकृत कार्यक्रम सञ्चालन गर्नुपर्दछ भन्ने आरआरएनको मान्यता रहेको छ ।

# गाउँबाट शान्ति कार्यक्रम : एक परिचय

-सीमा लुइटेल

दशकौं लामो सशस्त्र द्वन्द्वको कहालीलाग्दो चरण पार गरेर हाम्रो देश अहिले आर्थिक, राजनीतिक र सामाजिक परिवर्तनको संघारमा उभिएको छ । पूराना संरचनाहरू भत्किनेक्रममा रहेको तर नयाँ संरचनाहरूको निर्माण भैनसकेको हालको संक्रमणकालीन अवधिमा द्वन्द्वका मूल कारणहरूको खोजी र पहिचान गरी तिनको समुचित उपचार गर्दै दिगो शान्तिको स्थापनाको लागि आधार तयार गर्नु हामी सबैको दायित्व बनेको छ । आज शहरीया र ग्रामीण जनताका शान्ति र विकासप्रतिका आआफ्नै बुझाई, अपेक्षा र प्राथमिकताहरू रहेका छन् । ग्रामीण जनताको लागि शान्तिको वास्तविक अर्थ भनेको शिक्षा, खानेपानी, विजुली, यातायात, स्वास्थ्य जस्ता विकासका आधारभूत सुविधाका साथै दिगो जीविकोपार्जनका उपायहरूमा उनीहरूको सहज पहुँच स्थापित हुनु हो । विगतमा राज्यले अबलम्बन गरेको केन्द्रीकृत शासन प्रणाली र शहरकेन्द्रित विकास नीतिबाट पाखा पारिएका ग्रामीण विपन्न समुदायमा विकासका आधारभूत सुविधाहरू नपुऱ्याएसम्म वास्तविक रूपमा नेपालमा दिगो शान्ति स्थापना गर्न सकिने अवस्था छैन । स्वभाविक रूपमा हालसम्म विकासको मूल प्रवाहमा नसमेटिएका र द्वन्द्वको पीडा सबभन्दा बढी झेलेका ग्रामीण क्षेत्रबाटै दिगो शान्ति स्थापनाको पहल र प्रयासहरूको थालनी गरी ग्रामीण जनसमुदायलाई केन्द्रीय शासन प्रणालीमा एकताबद्ध गर्दै लानु वर्तमान आवश्यकता हो ।

तसर्थ विगतको सशस्त्र द्वन्द्वबाट प्रत्यक्ष र परोक्ष रूपमा प्रभावित ग्रामीण गरीब, महिला तथा सामाजिक रूपले उपेक्षित जात/जातिहरू र युवाहरूलाई लक्षित गरी समुदायमा आधारित संघ-संस्थाहरूलाई शान्ति स्थापना र द्वन्द्व व्यवस्थापनमा सहभागी गराउँदै दिगो शान्ति स्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले नेपाल ग्रामीण पुनर्निर्माण संस्थाद्वारा पूर्वाञ्चलका पहाडी जिल्लाहरू - भोजपुर र संखुवासभामा गाउँबाट शान्ति कार्यक्रम (Peace Building from Bellow-PBB) संचालन गरिरहेको छ । यस कार्यक्रमले द्वन्द्वबाट बढी प्रभावित भोजपुर र संखुवासभाका १०/१० वटा गा.वि.स. गरी जम्मा २० वटा गा.वि.स.हरूलाई एउटै कार्यक्षेत्रको रूपमा छनौट गरी कार्यक्रमहरू सञ्चालन गर्ने लक्ष्य लिएको छ ।

### कार्यक्रमको मुख्य उद्देश्य

यस कार्यक्रमले द्वन्द्वप्रभावित ग्रामीण क्षेत्रमा पुनर्निर्माण, पुनर्स्थापना तथा पुनर्मिलन गराई दिगो शान्ति स्थापनामा सहयोग पुऱ्याउने मुख्य उद्देश्य लिएको छ । विगतको सशस्त्र द्वन्द्वबाट प्रभावित जनताहरूमा परेको मानसिक आघात् र

**विगतमा राज्यले अबलम्बन गरेको केन्द्रीकृत शासन प्रणाली र शहरकेन्द्रित विकास नीतिबाट पाखा पारिएका ग्रामीण विपन्न समुदायमा विकासका आधारभूत सुविधाहरू नपुर्‍एसम्म वास्तविक रूपमा नेपालमा दिगो शान्ति स्थापना गर्न सकिदैन ।**

तनावलाई क्रमिक रूपमा घटाउदै द्वन्द्व प्रभावित समुदायको मागमा आधारित रहेर पूर्वाधारहरूको पुनर्निर्माण, व्यवसायिक सीपमूलक तालिमहरू, आयआर्जनका तालिम जस्ता कार्यक्रमहरूद्वारा समुदायमा दिगो शान्तिको प्रत्याभूति गराउने यस कार्यक्रमको उद्देश्य रहेको छ । यसका साथै यो कार्यक्रमले गरीब तथा विपन्न जनजाति, महिला तथा दलित समुदायको आर्थिक, सामाजिक तथा भौतिक अवस्थाहरूलाई सबल बनाउदै दिगो शान्ति स्थापनामा सहयोग पुऱ्याउने लक्ष्य लिएको छ ।

### कार्यक्रमबाट अपेक्षा गरिएका उपलब्धीहरू निम्नअनुसार छन्-

- शान्ति तथा विकासका क्रियाकलापहरूलाई व्यवस्थित गर्न समुदायमा आधारित संघ-सस्थाहरूको क्षमतामा बृद्धि हुनेछ ।
- लक्षित समूहमा द्वन्द्वको कारणबाट उत्पन्न मानसिक आघात् तथा तनाव कम हुनुका साथै उनीहरूको आत्मबल र क्षमताको अभिबृद्धि हुनेछ ।
- लक्षित समुदायहरूमा एक-आपसमा मेलमिलाप तथा सद्भाव बढ्ने छ ।

### कार्यक्रमका मुख्य विषयगत कार्यक्षेत्रहरू यस प्रकार छन् -

- समुदायमा आधारित संस्थाहरूको क्षमता अभिबृद्धि
- लक्षित समुदायको जीविकोपार्जनमा सुधार
- समुदायमा मेलमिलाप तथा पुनर्मिलन

### यस कार्यक्रमले समेट्न खोजेका लक्षित समुदायहरू

- प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा द्वन्द्वबाट प्रभावित, विस्थापित व्यक्तिहरू, द्वन्द्वको समयमा घाइते बनेका व्यक्तिहरू तथा मारिएका व्यक्तिका परिवारका सदस्यहरू ।
- गरीब, उत्पीडित, दलित, महिला, जनजाति तथा अन्य अन्य सीमान्तकृत समुदायहरू ।
- समुदाय स्तरका युवा तथा स्थानीय संघ-संस्थाहरू ।

# द्वन्द्व व्यवस्थापन र शान्ति

**अनन्त घिमिरे**, जिल्ला परियोजना संयोजक, पीवीवी, संखुवासभा

द्वन्द्व भनेको भिन्न विचार भएका व्यक्तिहरू बीचको मत-मतान्तर, कलह वा झगडा हो । द्वन्द्व दुई वा दुईभन्दा बढी पक्षबीचको अन्तरसम्बन्ध हो, जहाँ उद्देश्य, लक्ष्य, सोंचाई, बुझाई, पहुँच आदिमा फरक वा भिन्नता हुन्छ । जहाँ यस्तो भिन्नता (Gap) को दूरी बढ्न जान्छ, त्यहाँ द्वन्द्व सुरु हुन थाल्छ । द्वन्द्व हुनु आफैमा नराम्रो कुरा होइन, बरु यसको उपयोगको तरिका राम्रो वा नराम्रो हुन सक्दछ ।

द्वन्द्वको सदुपयोग हुन सकेमा मात्र सही विकास हुन सक्दछ । तर दुरुपयोग भएमा विनास पनि हुन सक्दछ । द्वन्द्व वास्तवमा निरन्तर भइरहने प्रक्रिया हो । यसलाई समाप्त नै गर्न भने सकिदैन । बरु यसलाई समाधान गर्न उचित समयमा नै पहल गरिनु पर्दछ । द्वन्द्वलाई उचित समयमा सही तरिकाबाट व्यवस्थापन गरियो भने यसले नयाँ सम्भावना र नयाँ विकासका अवसरहरू पनि ल्याँउछ भने त्यही द्वन्द्वको सही उपयोग नभएमा यसले विनास, हत्या र हिंसा जस्ता नकारात्मक परिणामहरू पनि ल्याउँन सक्दछ । परिवर्तनको लागि द्वन्द्व अपरिहार्य छ । द्वन्द्व वास्तवमा व्यक्तिको प्रवृत्ति (Attitude), व्यवहार (Behaviour), र व्यक्ति-व्यक्ति बीचको अन्तरविरोध (Contradiction) को कारणले उत्पन्न हुन्छ ।

### द्वन्द्वको जीवन चक्र

द्वन्द्व स्थीर र स्थायी कुरा होइन, चाहे यसको सही समाधान होस् वा गलत । द्वन्द्वको परिणाम सकारात्मक वा नकारात्मक हुने भन्ने कुरा चाँहि यसको व्यवस्थापनमा भर पर्दछ । द्वन्द्वको एउटा हद हुन्छ र त्यो ठाँउमा पुगेपछि द्वन्द्व आफै कम हुँदै जान्छ । द्वन्द्वको चरम सीमालाई हिंसात्मक चरण (Violence stage) भनिन्छ । द्वन्द्व चरम सीमाबाट कम भएर एउटा निश्चित विन्दुसम्म पुग्छ, जसलाई द्वन्द्वोत्तर चरण (Post conflict stage) भनिन्छ । यदि यस चरणमा द्वन्द्वको राम्रो व्यवस्थावन गर्न सकियो भने त्यो फेरी बढेर जान पाउँदैन । त्यसैले द्वन्द्व कम गर्नु वा व्यवस्थापन गर्नु ठूलो कुरा होइन । तर बरु त्यो क्षणिक नभई दीगो हुनु पर्दछ, जसले गर्दा त्यो फेरि बल्झेर नआओस् ।

### द्वन्द्वका चरणहरू

साधारणतया द्वन्द्वका चार चरणहरू हुन्छन्-

(क) द्वन्द्वरहित अवस्था (No-conflict)
(ख) सुषुप्त अवस्था (Pre- conflict)
(ग) खुल्ला द्वन्द्वको अवस्था (Violence) र
(घ) सतही द्वन्द्वको अवस्था (Surface conflict)

द्वन्द्वरहित अवस्था भनेको वास्तवमा विरलै पाइन्छ । यो महान व्यक्तिहरूमा मात्र हुन सक्दछ । सुषुप्त अवस्थामा द्वन्द्व त हुन्छ, तर बाहिर व्यक्त भएको हुँदैन । यो द्वन्द्वको खतरापूर्ण अवस्था हो । यदि द्वन्द्वलाई मनभित्रै पालेर राखियो भने वा व्यक्त गरिएन भने विष्फोट पनि हुन सक्दछ । त्यसैले द्वन्द्वलाई सुषुप्त अवस्थामा नै व्यवस्थापन गर्नेतर्फ लाग्नु पर्दछ । यदि सुषुप्त अवस्थामा नै त्यसलाई समाधान गर्ने व्यवस्था भएन भने यसको विकास हुँदै हिंसाको अवस्था आँउदछ र विष्फोटको रूपमा बाहिर निस्कन्छ । खुल्ला द्वन्द्वको अवस्थामा जुन कारणले द्वन्द्व भएको हो, त्यो खुल्ला रूपमा बाहिर निस्कन्छ । तर वास्तविक द्वन्द्वको कारण एउटा हुने तर प्रस्तुत हुँदा अर्कै तरिकाबाट भयो भने त्यो सतही द्वन्द्वको अवस्था हो । यदि द्वन्द्व हुनका कारणहरू पत्ता लगाएर त्यसलाई त्यही रोक लगाउन सकियो भने मात्र द्वन्द्वको सही समाधान हुन सक्छ । द्वन्द्व रोक्नु मात्र समाधान होइन । द्वन्द्वको सही समाधान भनेको त द्वन्द्वको कारणहरूलाई नै निर्मूल पार्न सक्नु हो ।

### द्वन्द्वको मूल कारणहरूको विश्लेषण

प्रायः हामीले द्वन्द्वका कारणहरू खोज्नेतिरभन्दा बढी यसको परिणामप्रति मात्र चासो दिने गरेका हन्छौं । यो सही समाधान होइन । हामीले आधारभूत जनताको तहमा पुगेर यसको विश्लेषण नै गरेका हुदैनौं । त्यसैले हामीले द्वन्द्व चर्किएपछि त्यसको समाधान गर्नेतर्फ भन्दा त्यसको मूल कारण नै निर्मूल पार्न पट्टी लाग्नु पर्दछ । जस्तो, एउटा रुखको हाँगाहरू मात्र काटियो भने त्यो फेरी पालुवा पलाएर झाँगिन सक्छ, तर त्यसको मूल जरालाई नै उखेलेर फालिदियो भने त्यसको निर्मूलन हुन्छ र फेरि त्यो पलाएर कहिल्यै आउँदैन ।

### द्वन्द्वको परिणाम

हामी सोच्छौं द्वन्द्वको परिणाम वा विकराल रूप भनेको नै हिंसा हो, अनि हिंसा भनेको काटमार नै हो । काटमार त प्रत्यक्ष हिंसा हो भने अरुलाई घृणा गर्नु, शोषण गर्नु, मन दुखाउनु, प्रत्यक्ष हिंसा गराउन प्रोत्साहित गर्नु वा हिंसा हुने वातावरण सिर्जना गर्नु पनि हिंसा नै हो । तर यो अप्रत्यक्ष हिंसा हो । प्रत्यक्ष हिंसामा काटमार, झै-झगडा, कुटपिट आदि पर्दछन् । अप्रत्यक्ष हिंसा पनि दुई किसिमका हुन्छन्-

१. **सामाजिक-सांस्कृतिक हिंसाः** यसमा छुवाछूत, अन्धविश्वास, भेदभावपूर्ण रितीरिवाज, देउकी प्रथा, विधवा प्रथा, बोक्सीको आरोप, बढी ब्याज लिने, बालविवाह, बहुविवाह आदि पर्दछन् ।

२. **संरचनात्मक हिंसाः** यसमा नीति नियम पालना गर्ने/नगर्ने, कुसंस्कारलाई कानुनले मान्यता दिने, सीमा क्षेत्र निर्धारण, अधिकार प्रत्यायोजन, भाषा, जाति, पिछडिएका जातिको पहुँच, प्रतिनिधित्व आदि पर्दछन् ।

हामी जहिले पनि द्वन्द्वको दूरी ठूलो पार्नेतिर लाग्नु हुदैन । जति दूरी बढ्दै गयो उत्ति परिणाम नराम्रो हुन सक्छ । प्रत्यक्ष हिंसाबाट संसारमा वार्षिक १ लाख मानिस मर्दछन् भने अप्रत्यक्ष हिंसाबाट ३० लाख मर्ने गरेको कुरा सर्भेक्षणबाट पत्ता लागेको छ ।

### द्वन्द्व रुपान्तरण

द्वन्द्व रुपान्तरण भन्नाले अवस्थामा परिवर्तन गर्नु, शान्तिमा परिवर्तन गर्नु, उपयोगी बनाउनु वा उत्पादक बनाउनु भन्ने

बुझिन्छ । द्वन्द्व व्यवस्थापनमा सहजीकरणको ठूलो भूमिका रहेको हुन्छ । कसरी सहजीकरण गर्ने भन्ने सम्बन्धमा एउटा उदारहणबाट प्रष्ट पार्न सकिन्छ । बुबाको क्रिया सकेर रोइरहेका तीन छोराहरूलाई देखेर गाउँको एउटा मान्छेले सोध्दा उनीहरूले भनेछन् - बुबाले हामीलाई १७ वटा गाईमध्ये जेठाले १७/२ भाग, माइलाले १७/३ भाग र कान्छाले १७/९ भाग बाडेर लिनु, तर गाईलाई नमास्नु भनेर जानुभयो । तर यसलाई कसरी बाँड्ने ? त्यो मान्छेले यस्तो जाबो कुरामा पनि चिन्ता गर्ने हो भन्दै आफ्नो घरको एउटा गाई ल्याएर १८ वटा बनाइदिएछ र जेठालाई ९ वटा गाई, माइलालाई ७ वटा र कान्छालाई २ वटा गाई बाँडिदिएछ । अनि अन्तिममा आफ्नो गाई पनि लिएर गएछ । यसरी छोराहरूले आफुले पाउनेभन्दा बढी गाइहरू पाएछन् । त्यसैले द्वन्द्वको व्यवस्थापन गर्दा यस्तो तरिकाले गर्नु पर्छ कि, फेरि त्यो नबल्भियोस् ।

त्यस्तै दुईवटा विरालोको एक गिलास दुधको विषयमा झगडा पर्दा तेस्रो बिरालोले म झगडा मिलाई दिन्छु भनी सबै दुध आफैले खाइदिएछ । यस परिस्थितिमा पनि द्वन्द्वको परिवर्तन त भयो, किनकि दुईवटा बिरालो बीचको द्वन्द्व अब झन् चर्केर दुई बिरालो र मध्यस्त बिरालो बीच हुने भयो नि । तर त्यसलाई द्वन्द्वको रुपान्तरण भनिदैन, किनभने रुपान्तरण सकारात्मक दिशातिर हुनु पर्दछ ।

यस्तै एउटा सुन्तला दुइजनाको बीचमा बाँड्नुपर्‍यो भने त्यस परिस्थितिमा के विकल्प हुन सक्दछ ? आधा-आधा बाँडेर खाने, एउटैले मात्र खाने, दुबैले नखाई फ्याँक्ने, बेचेर पैसा आधा-आधा बाँड्ने, दुबैले नखाने सहमती भई अरु कसैलाई दिने, जस्ता समाधानहरू आउन सक्छन् । तर हामी त्यो सुन्तला एकअर्कालाई किन आवश्यक पर्‍यो ? एकले अर्कालाई सोधेर आवश्यकता अनुसार बाँडफाँड गर्नतिर आफ्नो मन लगाउँदैनौं । यस्तो अवस्थामा दुबैतर्फको सल्लाहबाट अझ बढी फाइदामूलक काममा त्यसको उपयोग गर्न सकिन्छ ।

### शान्ति

द्वन्द्वरहित, सुषुप्त द्वन्द्व वा सन्तुष्टिको अवस्था नै शान्ति हो । वास्तवमा शान्ति भनेको द्वन्द्वलाई सृजनशील ढङ्गबाट




रुपान्तरण गर्ने तरिका हो । शान्ति हुनको लागि अहिंसा (Non-violence), परानुभूति (Empathy) र सिर्जनशीलता (Creativity) सँगसँगै हुनु पर्दछ । त्यसैले द्वन्द्वलाई शान्तिमा परिवर्तन गर्नका लागि प्रवृत्ति (Attitude) लाई परानुभूति (Impathy), बानी-व्यवहारलाई अहिंसा (Non-violence) र अन्तरविरोध (Contradiction) हरूलाई सिर्जनशीलता (Creativity) तिर मोड्न सक्नुपर्दछ । द्वन्द्व रुपान्तरण गर्दा निम्न कुराहरूलाई मुख्य रूपले मनन् गर्नु पर्दछ-

- कसैले नहार्ने अवस्था - सकारात्मकता
- दिगोपना/फेरि नबल्भिने - अहिंसा

दुई पक्ष बीच सहमती हुँदैमा द्वन्द्वको सही रुपान्तरण भएको मानिदैन । किनभने सहमतीमा आउँदा दुवै पक्षले आफुले चाहेजस्तो पाएका हुदैनन् । मनमा सन्तुष्टि नहुँदा नहुँदै पनि सहमतीमा आउँछन् । तर द्वन्द्वको रुपान्तरण गर्दा त्यस्तो विकल्पको खोजी गर्नु पर्दछ, जहाँ दुबै पक्षहरूले बढीभन्दा बढी सन्तुष्टि पाउँछन् । त्यसैले सही द्वन्द्व रुपान्तरण त्यो हो, जहाँ द्वन्द्वरत दुबै पक्षले आफुले चाहेकोभन्दा बढी पाएको महसुस गर्न सकुन् । द्वन्द्व कम गर्नको लागि हामीले हाम्रो असन्तुष्टि र असहमतीहरूलाई शिष्ट भाषामा सम्बन्धित पक्षसँग राख्नु सक्नु पर्दछ र अरुलाई पनि असन्तुष्टि व्यक्त गर्ने मौका दिनु पर्दछ ।

(यो लेख मूल रूपमा जिल्ला विकास समिति, संखुवासभाद्वारा तयार पारिएको 'द्वन्द्व व्यवस्थापन र रुपान्तरणसम्बन्धी प्रशिक्षण सामग्री'का साथै यससम्बन्धमा लेखिएका अन्य विभिन्न पुस्तकहरूको अध्ययनको आधारमा तयार गरिएको हो -लेखक)

## शान्तिका लागि लैंगिक समानता र सामाजिक समावेशीकरण

नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन)ले गाउँबाट शान्ति कार्यक्रमलाई सफलतापूर्वक कार्यान्वयन गर्ने सन्दर्भमा लक्षित समुदायमा विद्यमान असमान शक्ति सम्बन्धहरूको लेखाजोखा गरी उनीहरूको बीचमा शक्ति सन्तुलन कायम गर्दै सहअस्तित्व र सहसम्बन्धको विकास गरी दिगो शान्ति स्थापनामा टेवा पुऱ्याउने उद्देश्यले लैंगिक समानता र सामाजिक समावेशीकरणसम्बन्धी रणनीति तयार गरेको छ ।

यस रणनीतिले 'बञ्चितिकरणमा परेका समूह, जात/जाति र वर्ग' को परिभाषाभित्र महिला, आदिवासी, दलित र गरीब जनतालाई समेट्दै सामाजिक विकासमा तिनीहरूको मूलप्रवाहीकरणका लागि निम्न पक्षहरूमा जोड दिएको छ-

क) समावेशी नीति
ख) क्षमता अभिबृद्धि
ग) बहिष्करणमा परेका समुदायप्रति सरोकारवालाहरूको धारणा र व्यवहार परिवर्तन

यस रणनीतिमा लैंगिक समानता र सामाजिक समावेशीकरण रणनीतिका प्रावधानहरूलाई गाउँबाट शान्ति कार्यक्रमका हरेक क्रियाकलापहरूमा मार्गदर्शक सिद्धान्तका रूपमा अबलम्बन गरिने र संस्था, कर्मचारी र सरोकारवालाहरूको दायित्वको कुरालाई समेत समेटिएको छ ।

# प्रारम्भिक चरणका प्रमुख कार्यक्रम गतिविधिहरू

## आधारभूत सर्वेक्षण



आधारभूत सर्वेक्षण, तिवारीभन्ज्याङ, भोजपुर

प्रारम्भिक चरणमा कार्यक्रम अन्तर्गत भोजपुरको तिवारीभन्ज्याङ्ग, चरम्बी र जरायोटार गा.बि.स. र संखुवासभाको खाँदबारी न.पा. बडा नं. १० राम्चे, खराङ्ग र बानेश्वर गा.बि.स.मा आधारभूत सर्वेक्षण गरिएको थियो । यस सर्वेक्षणले उल्लेखित गा.वि.स.हरूको आर्थिक, सामाजिक, राजनैतिक स्थितिका साथै एक दशक लामो द्वन्द्वबाट भएका क्षति तथा प्रभावहरूको यथार्थ स्थितिको आँकलन, अवलोकन र भावी दिनमा आउनसक्ने द्वन्द्वहरूको बारेमा पनि विश्लेषण गरिएको थियो । सर्वेक्षणको क्रममा घरधुरी सर्वेक्षण, समूह छलफल तथा सुमदायमा अगुवाई गर्ने व्यक्तिहरूसँग छलफल गरी समुदायमा आधारित संघ-संस्थाहरूको क्षमता मूल्याङ्कन पनि गरिएको थियो ।

## जिल्लास्तरीय सरोकारवालाहरूसँगको बैठक



जिल्लास्तरीय सरोकारवालाहरूको वैठक

गाउँबाट शान्ति कार्यक्रम अन्तर्गत जिल्लास्तरीय सरोकारवालाहरूसँगको बैठक यहीं २०६५ पुस १६ गते संखुवासभा जिल्लाको सदरमुकाम खाँदबारी र पुस २० गते भोजपुर जिल्लाको सदरमुकाम भोजपुर बजारमा सम्पन्न भएको थियो । संखुवासभा जिल्लामा स्थानीय विकास अधिकारी र भोजपुर जिल्लामा प्रमुख जिल्ला अधिकारीको आतिथ्यमा सम्पन्न भएका ती बैठकहरूमा 'गाउँबाट शान्ति' कार्यक्रमको परिचय, उद्देश्य, लक्ष्य तथा क्रियाकलापहरूको बारेमा जानकारी गराइएको थियो । बैठकमा कार्यक्रम अन्तर्गत गा.वि.स.हरू छनौट गर्ने क्रममा द्वन्द्वबाट प्रभावित गा.वि.स.हरूलाई उच्च, मध्यम र कम प्रभावित गा.वि.स.को रूपमा बर्गीकरण गरी प्राथमिकिकरण गरिएको थियो । जसअनुसार भोजपुर जिल्लाका २५ वटा र संखुवासभा जिल्लाका २० वटा गा.वि.स.हरूलाई प्राथमिकिकरण गरिएको थियो । बैठकमा भएका क्रियाकलापहरूको सम्पूर्ण जानकारी तथा यस कार्यक्रमको परिचय जिल्लाका स्थानीय पत्रपत्रिका तथा स्थानीय एफ.एम रेडियो मार्फत् जानकारी गराइएको थियो ।

## कार्यक्रमको बारेमा गा.वि.स. स्तरमा अनौपचारिक छलफल

जिल्लाका विभिन्न सरोकारवाला निकायहरू, गै.स.स., संचारकर्मी, सम्बन्धित सरकारी कार्यालयहरू आदिसँग यस कार्यक्रमका विविध क्रियाकलापहरू तथा कार्यान्वयन चरणमा जिल्लास्तरीय समन्वयका बारेमा भोजपुर र संखुवासभा दुबै जिल्लामा अनौपचीरक अन्तरक्रिया तथा छलफल जारी रहेको छ । यसका साथै गा.वि.स. स्तरमा पनि विभिन्न चरणमा छलफल गरी गा.वि.स. स्तरमा भएको द्वन्द्वको स्थिति, जीविकोपार्जनका अवसरहरू, स्वास्थ्यसम्बन्धी समस्याहरू तथा समुदायमा आधारित संघ-संस्थाहरूको बारेमा जानकारी लिने काम पनि जारी रहेको छ ।

## बार्षिक कार्य योजना तर्जुमा गोष्ठी

गाउँबाट शान्ति कार्यक्रम कार्यान्वयनका लागि बार्षिक योजना तर्जुमा गोष्ठी यही २०६५ फागुन ६-७ गते आरआरएन, क्षेत्रीय कार्यालय बिराटनगरमा सम्पन्न भयो । उक्त दुइ दिने गोष्ठीमा नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) केन्द्रीय कार्यालयबाट गाउँबाट शान्ति कार्यक्रमका कार्यक्रम निर्देशक, लेखा अधिकृत तथा संखुवासभा र भोजपुर दुबै जिल्लाका कार्यक्रम प्रमुख र लेखापालहरूको उपस्थिति रहेको थियो । सो गोष्ठीमा कार्यक्रमको लागि अप्रील २००९ देखि मार्च २०१० सम्म १ वर्षको कार्ययोजना तथा कार्ययोजना अनुसारको बजेट तर्जुमा समेत गरिएको थियो ।

## कार्यान्वयन चरणका कार्यक्रम गतिविधिहरू

### गाउँबाट शान्ति कार्यक्रमका लागि गा.वि.स. तथा समुदायमा आधारित संघ-संस्था पहिचान

समुदायमा आधारित जनसंगठन (CBPOs) सँग मिलेर समुदायका लक्षित समूहसम्म कार्यक्रमको पहुँच पुऱ्याउने गाउँबाट शान्ति कार्यक्रमको रणनीति अनुरुप हालसम्म संखुवासभामा १० र भोजपुरमा १० गरी जम्मा २० वटा गा.वि.स.हरूको छनौट प्रक्रिया सम्पन्न भएको छ। यसैगरी छनौटमा परेका गा.वि.स.हरूमा कृयाशील समुदायमा आधारित जनसंगठनहरूको छनौट गर्ने काम जारी रहेको छ।

गाउँबाट शान्ति कार्यक्रम संचालनका लागि छानिएका गा.वि.स.हरूमा संखुवासभा जिल्लाका खराङ्ग, बानेश्वर, आँखिभुई, धुपू, बाह्रबिसे, मत्स्यपोखरी, नुम, मकालु, दिदिङ्ग गा.वि.स. र खाँदबारी नगरपालिका रहेका छन्। यसैगरी भोजपुर जिल्लाबाट छनौट गरिएका गा.वि.स.हरूमा जरायोटार, चरम्बी, तिवारीभन्ज्याङ्ग, प्याउली, खार्तम्छा, किमालुङ्ग, हेलौंछा, साम्पाङ्ग, बोया र देउराली गा.वि.स. रहेका छन्।

यसैगरी सहकार्यका लागि हालसम्म भोजपुर जिल्लाका जरायोटार, चरम्बी र तिवारीभन्ज्याङ्ग गा.वि.स.बाट जम्मा ७ वटा समुदायमा आधारित जनसंगठनहरूको छनौट गर्ने काम सम्पन्न भएको छ भने संखुवासभा जिल्लाका खराङ्ग, बानेश्वर र खाँदबारी नगरपालिकाबाट १२ वटा संस्थाहरू छनौट भएका छन्। यसरी छनौट गरिएका समुदायमा आधारित जनसंगठनहरूकै अगुवाईमा कार्यक्रमका विभिन्न क्रियाकलापहरू पनि सञ्चालन भइरहेका छन्।

गाउँबाट शान्ति कार्यक्रम संचालनका लागि भोजपुर र संखुवासभा जिल्लाका जम्मा २० वटा गा.वि.स.हरूमध्ये बाँकी १४ वटा गा.वि.स.हरूमा पनि स्थानीय रूपमा कृयाशील समुदायमा आधारित जनसंगठनहरूको तथ्याङ्क संकलन गर्ने काम पनि जारी रहेको छ।

### आयआर्जनसम्बन्धी व्यवसायिक सीपमूलक तालीम सम्पन्न

प्रत्यक्ष रूपले द्वन्द्वमा परेका, गरीब, महिला तथा युवाहरूलाई गाउँघरमा नै सानो व्यवसाय गरी स्वरोजगारको अवसर सिर्जना गर्ने उद्देश्यले गाउँबाट शान्ति कार्यक्रमअन्तरगत भोजपुर र संखुवासभामा ५ दिने छुट्टा-छुट्टै बाखापालन तथा व्यवसायिक तरकारीखेती सम्बन्धी आयआर्जन तथा सीपमूलक तालीम सम्पन्न



बाखापालन तथा व्यवस्थापन तालीम, भोजपुर

भयो। तालीममा लैंगिक समानताको विषयलाई पनि विशेष महत्वका साथ समावेश गरिएको थियो।

उक्त तालीम जिल्ला कृषि विकास कार्यालय तथा जिल्ला पशु सेवा कार्यालयसँग समन्वय गरी सञ्चालन गरिएको थियो। सो तालिममा भोजपुर र संखुवसभाका २५ महिला र १९ पुरुष गरी जम्मा ४४ जनाको सहभागिता रहेको थियो।

### शान्तिसम्बन्धी जनचेतनामूलक कार्यक्रम सम्पन्न



शान्तिसम्बन्धी सचेतनाका लागि सडक नाटक गर्दै, खाँदबारी

ग्रामीण समुदायलाई शान्तिसम्बन्धी जनचेतना जगाउने उद्देश्यले संखुवासभाको खाँदबारी र खराङ्ग बजारमा 'शान्तिको बाटोमा' शीर्षकको सडकनाटक प्रदर्शन गरिएको छ।

उक्त सडक नाटकमार्फत् लैंगिक समानता, सामाजिक समावेशीकरण, वातावरण संरक्षण, सामुदायिक विकासमा

युवाहरूको भूमिका आदि विषयमा समुदायलाई जानकारी प्रदान गरिएको थियो ।

यसैगरी संखुवासभाका खाँदबारी नगरपालिका, बानेश्वर र खराङ्ग गा.वि.स.हरूमा विश्व वातावरण दिवसको उपलक्ष्यमा विभिन्न समूह तथा स्कूलहरूमा शान्तिको सन्देश दिने खालका कविता, निबन्ध, गीत तथा सरसफाईका विभिन्न कार्यक्रमहरू पनि सञ्चालन गरिएको थियो । यसरी नै शान्तिसम्बन्धी सन्देस गाउँ-गाउँमा पुऱ्याउने उद्देश्यले भोजपुरको चरम्बीमा अन्तरविद्यालय स्तरीय लोकगीत प्रतियोगिताको आयोजना गरियो । यस्ता चेतना दिने खालका कार्यक्रमहरू गाउँ गाउँमा पुऱ्याउन सके ग्रामीण समुदायका जनताहरूमा चेतनाको स्तर बृद्धि भई सामुदायिक विकासमा थप टेवा पुग्ने सक्ने कुरा कार्यक्रममा उपस्थित सहभागीहरूले बताए ।



स्थानीय आवश्यकता पहिचान, प्राथमिकीकरण तथा वार्षिक कार्ययोजना तर्जुमा तालिमका सहभागीहरू, भोजपुर

## लैंगिक सचेतना तथा सामाजिक समावेशीकरणसम्बन्धी तालीम सम्पन्न

गाउँबाट शान्ति कार्यक्रम अन्तर्गत संखुवासभाको खराङ्ग बजारमा दुइदिने लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी तालीम सम्पन्न भएको छ । सो तालीममा खराङ्गबाट प्रगति र जनहित सामुदायिक संस्था तथा बानेश्वरबाट अपतन युवा क्लबबाट जम्मा २६ जना पुरुष तथा महिलाहरूको सहभागिता रहेको थियो ।

कार्यक्रमको सहजीकरण जिल्ला महिला विकास कार्यालयबाट महिला विकास अधिकृत सीता गुरुङ्गले गर्नुभएको थियो । उक्त दुईदिने तालीममा लैंगिक तथा जातीय विभेद, घरेलु हिंसा, सामाजिक विकासमा महिला तथा पुरुषको भूमिका, लैंगिक जनचेतना, लैंगिक समता, नेपालको परिप्रेक्षमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण आदिको बारेमा सहभागितात्मक छलफल भएको थियो ।

## स्थानीय आवश्यकता पहिचान, प्राथमिकीकरण तथा कार्ययोजना तर्जुमा तालिम सम्पन्न

समुदायमा आधारित संघ-संस्थाहरू (CBPOs) लाई लक्षित गरी स्थानीय आवश्यकता पहिचान, प्राथमिककरण तथा भावी कार्ययोजना तर्जुमासम्बन्धी दुइदिने तालिम भोजपुरको चरम्बी, जरायोटार, तिवारीभन्ज्याङ्ग तथा संखुवासभाको खाँदबारी नगरपालीका, बानेश्वर र खराङ्ग गा.वि.स.हरूमा सम्पन्न भयो ।

तालिममा समुदायमा भएको स्थानीय स्रोत र साधनहरूको पहिचान, तिनीहरूको प्राथमिकीकरण तथा सोअनुरुप वार्षिक कार्ययोजना निर्माण र त्यसको कार्यान्वयनको बारेमा तालिम दिइएको थियो । यसका साथै महिला, पुरुष, जातजाति तथा दलितहरूलाई समेत समावेश गरी लैजादा कुनै पनि कार्यक्रमहरू दिगो हुन्छ भन्ने कुराहरूको बारेमा सहभागितामूलक छलफल भएको थियो ।

उक्त तालिममा भोजपुर र संखुवासभाका जम्मा २६६ जना महिला र पुरुषहरूको सहभागिता रहेको थियो ।

गाउँबाट शान्ति कार्यक्रमका लागि नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) द्वारा प्रकाशित त्रैमासिक बुलेटिन

**सम्पर्क ठेगानाः**
**नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन)**
पो.ब.नं. ८१३०, २८८ गैरीधारा, काठमाडौं, नेपाल ।
फोनः ४४२२१५३, ४४२७८२३, फ्याक्सः ४००४५०८
इमेलः rrn@rrn.org.np वेबसाइटः www.rrn.org.np
**कार्यक्रम सम्पर्क कार्यालयः** संखुवासभा, फोन : ०२९-६८०४६६ / भोजपुर, फोन : ०२९-६३०११४

‘ufpF{6 zfl6t **(Peace Building from Below-PBB)**’ क्यानडाली अन्तर्राष्ट्रिय विकास संस्था (Canadian International Development Agency-CIDA) को सहयोगमा नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) द्वारा पूर्वाञ्चलका पहाडी जिल्लाहरू- भोजपुर र संखुवासभामा संचालित एक कार्यक्रम हो । यस कार्यक्रमको मुख्य उद्देश्य जीविकोपार्जन, मानवीय सहयोग, भौतिक पूर्वाधार तथा अन्य शान्ति निर्माणसँग सम्बन्धित क्रियाकलापहरूद्वारा समुदायमा आधारित संघ-संस्थाहरूलाई शान्ति स्थापना र द्वन्द्व व्यवस्थापनमा अग्रसर गराई दिगो शान्ति स्थापनामा सहयोग पुऱ्याउनु रहेको छ ।